नेपाल सरकार
**शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय**
# विद्यालय शिक्षक किताबखाना
**म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।**

फोन नं.:- -४६७२८२३
-४२८३०२३
फ्याक्स:- ४२८४९००

**प.सं.** .
च.न ५५६७

मिति:-२०७५।०३।१३

विषय:- शिक्षकले सम्पति विवरण बुझाउने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई
७७ जिल्ला ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पहिलो पटक नियुक्त भएकोमा नियुक्ति पाएको ६० दिन भित्र र सबै विद्यालय शिक्षक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान भएकोले आ.व ०७४/७५ को त्यस जिल्ला अन्तर्गत रहेका शिक्षक कर्मचारीहरुको सम्पत्ति विवरण देहाय अनुसार खामको बाहिर लेखी दाखिला गर्नु /गराउन हुन अनुरोध छ ।

| | |
|---|---|
| शिक्षकको नामथर : | संकेत (सिटरोल)नं. : |
| तह: | जिल्ला : |
| श्रेणी : | मोवाइल नं. : |
| कार्यरत विद्यालय र ठेगाना : | इमेल ठेगाना : |

१.सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलव्ध छ ।

२.**अस्थायी, राहत, करार उ.मा.वि.मा अनुदान प्राप्त शिक्षक वा.वि.के. सहयोगी कार्यकर्ता_आदिको सम्पति विवरण जिल्ला शिक्षा कार्यलयमा नै बुझी संकलन गर्ने भन्ने शिक्षा मन्त्रालयको मिति २०७२/२/१७ मा सचिवस्तरीय निर्णय भएकोले हाल लाई शिक्षा विकास तथा समन्वय ईकाइले नै सोही अनुसार व्यवस्थापन गर्ने गराउने ।**

३.पूर्ण विवरण भरी सिलबन्दी गरेको सम्पत्ति विवरण रहेको खाम यस आर्थिक वर्षको लागि २०७५।०५।२९ गते सम्म विद्यालय शिक्षक किताबखानामा दाखिला गरी सक्नुपर्नेछ । शिक्षा विकास तथा समन्वय इकाईले जम्मा गरी वा सम्वन्धितले हुलाक तथा कुरिएर मार्फत पठाइएको सम्पत्ति विवरण तोएिको अवधि २०७५ भाद्र २९ गते भित्र अनिवार्य रुपमा यस किताबखानामा आई पुग्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजन लागि यस किताबखाना खुल्ला रहनेछ । संकेत नं. नमिलेको, तोकिएको मिति भन्दा पछि प्राप्त भएको सम्पत्ति विवरण दर्ता गरिने छैन ।

४.अध्ययन, असाधारण र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व शिक्षकको हुनेछ ।

५.आ.व.०७४।०७५ भित्र (अर्थात २०७४ श्रावण १ देखि २०७५ आषाढमसान्त सम्म) सेवा निवृत्त भएको शिक्षकले समेत उपर्युक्त अनुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

.........................
सुरेन्द्र आचार्य)
उपनिर्देशक

**<u>वोधार्थ :</u>**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशानलय, सबै ।

नेपाल सरकार

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

# विद्यालय शिक्षक किताबखाना

**म्यूजियम मार्ग, छाउनी, काठमाण्डौं ।**

## शिक्षकले आ.व.२०७४/२०७५ को सम्पति विवरण बुझाउने सम्वन्धी अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र अर्थात मिति २०७५ भाद्र २९ गतेभित्र आफ्नो सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी देहाय वमोजिमको विवरणहरु खाम बाहिर उल्लेख गरी यस किताबखानामा दर्ता गर्नु हुन यो सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**खाममा बाहिर "आ.व.२०७४/२०७५ को सम्पत्ति विवरण" लेख्ने**

| | |
|---|---|
| शिक्षकको नामथरः | संकेत ( सिटरोल) नं. :- |
| तह :- | जिल्ला :- |
| श्रेणी :- | मोबाइल नम्बर :- |
| कार्यरत विद्यालय :- | इमेल ठेगाना :- |

१.
सम्पत्ति विवरण दर्ताको लागि पठाउँदा देहायानुसार गर्नुपर्नेछ ।

क) शिक्षकको नाम, थर, संकेत नं., हालको पद र विद्यालय मिलेको हुनुपर्नेछ ।

ख) खाम सिलबन्दी गर्नुपर्ने र एउटा खाममा एक जनाको मात्र विवरण राख्नुपर्नेछ ।

ग) गत वर्ष झै सम्पत्ति विवरण संकलित गरी पठाउने आवश्यक व्यवस्थापन शिक्षक स्वयम, विद्यालय वा शक्षा विकास तथा समन्वय इकाईले मिालउनु पर्नेछ ।

२. अध्य
यन विदा, असाधारण विदा वा काज, तालीम वा निलम्वनमा रहेका शिक्षकले पनि अनिवार्य रुपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

३. सार्व
जनिक विदाका दिन बाहेक अन्य दिन बिहान ९:०० बजेदेखि बेलुका ६:०० बजेसम्म र शुक्रबारका दिन बिहान ९:०० बजेदेखि बेलुका ४:०० बजेसम्म सम्पत्ति विवरण बुझाउन सकिनेछ ।

४. सम्प
त्ति विवरण दर्ता गरी सक्नुपर्ने अन्तिम दिन मिति २०७५ भाद्र २९ गते कुनै सार्वजनिक विदा परेमा किताबखाना सम्पत्ति विवरण दर्ता प्रयोजनको लागि मात्र खुल्ला रहनेछ सो पश्चात् जुनसुकै माध्यबाट प्राप्त भएको सम्पत्ति विवरणलाई दर्ता गरिने छैन ।

५. हुला
क /कुरियरमा जुनसुकै मितिमा दर्ता भएतापनि विद्यालय शिक्षक किताबखानामा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र Teacher Information System मा प्रविष्टि गरी अभिलेख राखिनेछ तर म्याद पछि अर्थात ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

६. आ.
व. २०७४/२०७५ मा सेवा निवृत्त भएका शिक्षकहरुले पनि आ.व. समाप्त भएको मितिले ६० दिन अर्थात २०७५ भाद्र २९ गते भित्र सम्पत्ति विवरण अनिवार्य रुपमा दर्ता गराई सक्नुपर्नेछ ।

७. यथा
सक्य चाँडो सम्पत्ति विवरण दर्ता गर्न अनुरोध छ ।

८. सम्प
त्ति विवरण समयभित्र प्राप्त भई दर्ता भएको जानकारी विद्यालय शिक्षक किताबखानामा सम्पर्क गरी लिन सकिनेछ । जानकारीको लागि यस किताबखानाको फोन नं. ०१-४२८३०२३, ४६७२८२३ र ४६७०७५७ मा सम्पर्क राख्न सकिनेछ ।

९. सम्प
त्ति विवरण पेस वा दर्ता गराउने दायित्व सम्वन्धित शिक्षकको भएकोले खाम वाहिर विवरण सही र पूर्णरुपमा नभरेको तथा म्याद गुज्रेको कारण सम्पति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा विद्यालय शिक्षक किताबखाना जिम्मेवार हुनेछैन ।

१०. सम्प
त्ति विवरण पठाउँदा कतिपय शिक्षकहरुले खाममा संकेत नं(सिटरोल नं.) लेख्नु पर्नेमा अन्य नं. लेख्ने गरेको पाइएको हुँदा सतर्कतापूर्वक वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्दा यस किताबखानाबाट उपलब्ध गराइएको शिक्षक संकेत नं.मात्र उल्लेख गर्न हुन जानकारी गराइन्छ ।